# बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ बमोजिम तह कायम/ तह वृद्धि सम्बन्धी सूचना ।

सूचना नं. १०/२०८१-८२ (तह कायम / तह वृद्धि)

सूचना प्रकाशन मिति २०८२।०३।१२

गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ र दफा २७ मा भएको क्रमशः तह कायम/ तह वृद्धि को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित शर्तहरु पुरा भएका बेसीशहर नगरपालिकाका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसुची-१५ बमोजिमको फाराम भरी फाराममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी आफु कार्यरत शाखा प्रमुखबाट प्रमाणित गराई ४(चार) प्रति तयार गरी मिति २०८२ असार मसान्त सम्ममा यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ ।

म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण गरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तह कायम/ तहवृद्धि को प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**१. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क) तह कायम/ तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिम शैक्षिक योग्यता पुरा भएको हुनुपर्नेछ ।

ख) अधिकृत छैटौं, आठौं र दशौं तह को पदमा हुने तह बृद्धिको लागि क्रमश: सहायक पाँचौं, अधिकृत सातौं र अधिकृत नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको र पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन कम्तिमा औषत पन्चानब्बे प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

ग) स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा २७ बमोजिम तह वृद्धिको लागि तोकिएको आवश्यक कागजातहरु हुनुपर्नेछ ।

घ) स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा ३१ बमोजिम तहबृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

ङ) स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा ९ बमोजिम तह कायमको लागि तोकिएको मापदण्ड/आवश्यक कागजातहरु हुनुपर्नेछ ।

**२. स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क) स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा २७ को उपदफा २ र ३ बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा, शर्त र अवधि पूरा भएको हुनुपर्नेछ ।

ख) स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने ।

ग) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न गर्नुपर्ने ।

घ) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(क) बमोजिम नकारात्मक सूचीमा नपरेको हुनपर्नेछ ।

ङ) स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र । (साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु :- कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ )

च ) साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस नगरपालिकामा समायोजन भएको पत्र ।

छ) स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा ३१ बमोजिम तहबृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**३. स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण :**

क) रिक्तपूर्वकको निवेदन सहित गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनूसूची १५ बमोजिम फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

ख) सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी ।

ग) तह कायम/ तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति/वढुवा/स्तरवृद्धिको प्रमाणित प्रतिलिपी ।

घ) कामकाज/ सरुवा तथा रमानाको प्रमाणित प्रतिलिपि (सरुवा/कामकाजमा आएको कर्मचारीको हकमा) ।

ङ) समायोजन पत्रको प्रमाणित प्रतिलिपि (कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस नगरपालिकामा समायोजन भएको कर्मचारीको हकमा) ।

च) शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

छ) अद्यावधिक कर्मचारीको विवरण (PIS) ।

ज) आवश्यक अन्य कागजातहरु ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीको लागि सम्पर्क**
बेसीशहर नगरपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
फोन.नं.: ०६६-५२०१५० | Website : besishaharmun.gov.np | Email: besishaharmunicipality@gmail.com